**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं.३७४

पुनरावेदन नं. ०७७-RB-०१४२

**मुद्दाः- अग्रिम कर (२०७१/०७२) ।**

| | |
|---|---|
| श्री रघुपति जुट मिल्स लिमिटेड, बिराटनगर (रानी), मोरङ (स्थायी लेखा नं. ३०००३८०८६) को हकमा ऐ.का. अधिकार प्राप्त ग्रुप भाईस प्रेसिडेन्ट अमित कुमार जैन........................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट..................................................१<br>श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर........................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय : ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु निर्णय मिति : २०७५।०३।०४

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री बिनोद बहादुर कुँवर

निर्णय मितिः २०७७।२।१३

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ

: विद्वान अधिवक्ता श्री नितेश श्रेष्ठ

प्रत्यर्थीको तर्फबाट : विद्वान उप-न्यायाधिवक्ता श्री दिपक भण्डारी

: विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अविलम्वित नजीरः ×**

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।२।१३ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा आयकर ऐन, २०५८ कत्र दफा ११६ बमोजिम करदाताको तर्फबाट परेको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ।

<u>**तथ्य खण्ड**</u>

१. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री रघुपति जुट मिल्स लिमिटेडले आर्थिक वर्ष २०७१/०७२ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार निकासि तर्फ रू.८,१९,३७,३६१।- करयोग्य नोक्सानी कायम गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७२।०९।३० मा विवरण पेश गरेको।

२. आ.व. २०७१/०७२ को लागि ठूला कार्यालयबाट कर परीक्षण हुँदा करदाताबाट पेश हुन आएको आय विवरण र सो साथ संलग्न कागजात, फांटवारी तथा प्रमाणहरूको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतलाई आधार बनाई विश्लेषण गर्दा प्रस्तुत करदाताको यस आ.व. २०७१/०७२ को सम्बन्धमा आयकर ऐन, २०५८ बमोजिम आयमा समावेश गर्नुपर्ने रकम समावेश नगरेको तथा कट्टी गर्न नपाइने खर्च कट्टी दावी गरेकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि निकासी तर्फको संशोधित करयोग्य नोक्सानी रू.३,८६,९४,६७९।- तथा उद्योग तर्फको करयोग्य आय रू.१,१२,१६८।- कायम गर्नुपर्ने तथा भुक्तानीमा कर कट्टी गरी दाखिला गर्नुपर्नेमा सो बमोजिम नगरेको तथा कट्टी गरेको रकम आयकर ऐन, २०५८ ले तोकेको समयमा राजस्व दाखिला गरेको नपाइएकोले कर, व्याज शुल्क समेत जम्मा रू.४,०४,४५३।- निर्धारण गर्नु पर्ने भएकोले उल्लेखित बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुंद प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५ (पन्ध्र) भित्र जवाफ पेश गर्न आयकर ऐन, २०५८ को १०१ (६) र दफा ९० (८) बमोजिम विस्तृत व्यहोरा खुलाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाता श्री रघुपति जुट मिल्स लिमिटेडको नाममा मिति २०७५।०२।१० मा जारी भएको सूचना।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०२।१० मा जारी भएको सूचना करदाता श्री रघुपति जुट मिल्स लिमिटेडले मिति २०७५।०२।१४ मा बुझी लिई सो को लिखित जवाफ म्यादभित्रै ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समक्ष मिति २०७५।०२।२४ मा पेश गरेको।

४. करदाता श्री रघुपति जुट मिल्स लिमिटेडले परामर्श शुल्क रू.१,७४,४००।- भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतले हुने रू.२६,२६०।- दाखिला गर्नुपर्नेमा रू.१२,६६०।- मात्रै दाखिला गरि बांकी रू.१३,५००- मा ऐनको दफा १२० (क) वमोजिमको शुल्क रू.६,७५०।- र सोही ऐनको दफा ११९ वमोजिमको व्याज रू.५,९०६।- समेत जम्मा रू.२६,१५६।- दाखिला गर्न र मजदुरको हकमा रहेको स्वीकृत अवकास कोषमा रु.१३,०१,६६८।- जम्मा भएको भन्ने जिकिर लिएको सम्बन्धमा करदाताले यस वर्ष भुक्तानी गरेको Gratuity रु.१३,०१,६६८।- मा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतले हुने रु.१,८५,२५०।- दाखिला गरेको नपाइएकाले उक्त रकममा सोही ऐनको दफा १२० (क) बमोजिमको शुल्क रु. ९७,६२५।- र सोही ऐनको दफा ११९ बमोजिमको व्याज रु. ८५,४२२।- समेत जम्मा रु. ३,७८,२९७।-दाखिल गर्न आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) बमोजिम करदाताको नाममा आदेश जारी गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०३।०४ मा भएको अग्रिम कर निर्धारणको आदेश।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७५।०३।०४ मा जारी गरेको आ.व. २०७१/०७२ को अग्रिम कर कट्टी तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी रघुपति जुट मिल्स लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०५।०१ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेको ।

६. निवेदकले लिएको जिकिर र कार्यालयबाट भएको कर निर्धारण व्यहोरातर्फ विचार गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम मू.अ.करमा दर्ता नभएको सेवाप्रदायक बासिन्दा व्यक्तिलाई परामर्श सेवा बापत भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशत र उपदफा (४) बमोजिम मू.अ.करमा दर्ता भएको सेवाप्रदायक बासिन्दा व्यक्तिलाई परामर्श सेवा वापत भुक्तानी गर्दा भुक्तानी रकमको १.५ प्रतिशत कट्टी गरी सोही ऐनको दफा ९० को उपदफा (१) मा तोकेको समयभित्र दाखिला गर्नु पर्ने कानूनी प्रावधानको आधारमा करदाताले भुक्तानी गरेको

परामर्श शुल्क रु.१,७४,४००।- मध्ये मू.अ.करमा दर्ता भएको सेवाप्रदायक लाई रु.१,००,०००।- मा १.५ प्रतिशतले हुने रु.१,५००।- र मू.अ.करमा दर्ता नभएको सेवाप्रदायकलाई रु.७४,४००।- मा १५ प्रतिशतले हुने रु.११,१६०।- गरी जम्मा रु.१२,६६०।- अग्रिम कर कट्टी गरी कर तथा विवरण दाखिला गरिसकेको कागजात पेश गरेको हुदाँ कार्यालयबाट निर्धारण गरेको अग्रिम कर दोहोरो पर्ने देखिंदा निवेदकको निवेदन जिकिर पुग्ने ठहर्छ। साथै Gratuity सम्बन्धमा अग्रिम कर कट्टी गर्नु पर्ने दायित्व भएको प्रत्येक व्यक्तिले आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (१) मा तोकेको समयभित्र दाखिला गर्नु पर्ने हुन्छ। यसरी दाखिला नभएमा सोही दफाको उपदफा (८) बमोजिम कारणसहित सफाइको सबुत प्रमाण पेश गर्न पन्ध्र दिनको म्याद दिई लिखित सूचना जारी गरी दाखिला नगरेको वा घटी दाखिला गरेको रकम र आयकर ऐन, २०५८ दफा ११९ बमोजिमको ब्याज दाखिला गर्न आदेश दिन सक्ने व्यवस्था गरेकोले ऐनमा भएको प्रावधान बमोजिम अग्रिम कर कट्टी गरी कर रकम दाखिला गरेको प्रमाण पेश नगरेको तथा स्वीकृत अवकाश कोषमा जम्मा गरेको पुष्टि हुने प्रमाण तथा कागजात पेश नगरेको अवस्थामा शुरु कार्यालयबाट निर्धारण गरेको अग्रिम कर कानून सम्मत भएको देखिंदा निवेदकको निवेदन जिकिर नपुग्ने भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०२।१३ मा भएको निर्णय।

७. प्रत्यर्थी कार्यालयको संशोधित कर निर्धारण निर्णय सूचना तथा सो लाई सदर गर्ने बिभागको निर्णयमा यस वर्ष भुक्तानी गरेको Gratuity वापत रू.१३,०१,६६८।- मा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम १५ प्रतिशतले हुने रकम रू.१,९५,२५०।- दाखिला गरेको नपाईएकोले उक्त रकममा शुल्क तथा व्याज समेत गरि जम्मा रु.३,७८,२९७।- दाखिला गर्नु पर्ने देखिएको भन्ने सम्बन्धमा, सो रकम मजदुरको हकमा रहेको रू.१३,०१,६६८।- एकमुष्ट रुपमा स्वीकृत अवकाश कोषमा जम्मा भएकोले सो रकममा कुनै पनि कर लाग्ने अवस्था रहदैन, निज मजदुरहरूको आयमा एक तिहाई (१/३) तथा बढिमा ३,००,०००।- को सुविधा नलिएको एवं मजुदरहरू पर्ने अवस्था नभएको पारिश्रमिक करको दायरामा नपरेको हुंदा सो रकममा १५% कर लगाउनु पर्ने अवस्था नभएको हुँदा विपक्षी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरवाट मिति २०७५।०३।०४ मा भएको अग्रिम कर निर्धारण र उक्त निर्णय सदर गर्ने आन्तरिक राजस्व विभागको मिति २०७७।०२।१३ को निर्णय एवं सोका आधारमा दिइएको सूचनाहरु समेत

गैरकानूनी र अन्यायपूर्ण हुँदा वदर गरी पाउँ भन्ने व्यहोराको करदाताको तर्फबाट मिति २०७७।०५।३० मा यस न्यायाधिकरण पेश भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु। प्रारम्भिक सुनुवाईको क्रममा प्रत्यर्थी झिकाउने प्रयोजनको लागि प्रस्तुत आदेश पर्याप्त रहेकोले सहकर्मी लेखा सदस्यको रायसँग सहमत हुन नसकेकोले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ५(३) बमोजिम गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०१।०२ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, प्रत्यर्थी ठूला करदाता कार्यालयबाट प्राप्त हुन आएको शुरु मिसिल लगायतका अन्य कागजातहरु समेत अध्ययन गरी पुनरावेदक करदाता रघुपति जुट मिल्स लिमिटेडका तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ र विद्वान अधिवक्ता श्री नितेश श्रेष्ठले ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट भएको Gratuity वापतको रकममा अग्रिम कर निर्धारण आदेश त्रूटिपूर्ण रहेको हुँदा सो आदेश बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँ भनी तथा प्रत्यर्थीहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिलको कार्यालय, काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री दिपक भण्डारी तथा विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट Gratuity मा अग्रिम कर माग गर्ने गरी भएको निर्णय तथा सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत विधिसम्मत रहेको हुँदा शुरु कर कार्यालयको निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१०. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फका विद्वानहरुबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय ललितपुरबाट करदाताको हकमा भएको अग्रिम कर निर्धारणको आदेश मिलेको छ, छैन? करदाताको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखियो।

११. निर्णय तर्फ विचार गर्दा, ठूला करदाता कार्यालयबाट अग्रिम कर निर्धारणको क्रममा

करदाताले प्रस्तुत आ.व.मा भुक्तानी गरेको Gratuity वापतको रु.१३,०१,६६८।- मा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतका दरले हुने रकम रु.१,९५,२५०।- दाखिला गरेको नपाईएकोले उक्त रकममा सोही ऐनको दफा १२०(क) बमोजिमको शुल्क रु. ९७,६२५।- र सोही ऐनको दफा ११९ बमोजिमको ब्याज (२०७२ श्रावण देखि २०७५ जेठ) रु.८५,४२२।- समेत जम्मा रु.३,७८,२९७।- कायम हुने भन्ने आधार प्रस्तुत गरेको देखिन्छ। मजदुरको हकमा रहेको रकम Gratuity वापतको रु.१३,०१,६६८।- लाई एकमुष्ठ स्वीकृत अवकाश कोषमा जम्मा भएकोले सो रकममा कुनै पनि कर नलाग्ने अर्थात निजहरुको आयमा एक तिहाई तथा बढीमा रु.३,००,०००।- को सुविधा नलिएको एवं मजदुरहरु पारिश्रमिक करको दायरामा नपरेको हुँदा सो रकममा १५ प्रतिशत कर लगाउनु कानून सम्मत नभएको भन्ने करदाताको तर्क रहेको देखिन्छ।

१२. पुनरावेदक करदाताले Gratuity रकम एकमुष्ठ स्वीकृत अवकाश कोषमा जम्मा भएकोले उक्त रकममा कुनै कर नलाग्ने भनी जिकिर लिएको देखिन्छ भने ठूला करदाता कार्यालयबाट अग्रिम कर निर्धारणको सन्दर्भमा करदाताले Gratuity तर्फ स्वीकृत अवकाश कोषमा जम्मा गरेको रकमलाई पुष्टि हुने तथ्य एवं प्रमाण जवाफसाथ पेश गर्न असमर्थ रहेको भन्ने आधार लिएको देखिन्छ। अवकाश भुक्तानीको सम्बन्धमा आयकर ऐन, २०५८ को दफा ६५ मा व्यवस्था उल्लेख भएको पाईन्छ। सोही दफाको उपदफा (१) को खण्ड (क) मा "सो कोषमा रहेको हित वापत सो कोषले गरेका अवकाश भुक्तानीहरुलाई आयमा समावेश गर्नु पर्नेछ, र (ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि यदि त्यस्तो भुक्तानी एकमुष्ठ रुपमा गरिएको छ भने यसरी गरिएको भुक्तानी रकमबाट सो भुक्तानी रकमको पचास प्रतिशत वा पाँच लाख रुपैंया मध्ये जुन बढी हुन्छ सो रकम घटाई हुने भुक्तानीलाई सो प्राकृतिक व्यक्तिको गैरव्यवसायिक करयोग्य सम्पत्तिको निःसर्गबाट प्राप्त लाभ मानिनेछ। भन्ने कानूनी व्यवस्था रहेको पाईन्छ। आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) मा " **बासिन्दा ब्यत्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री वोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ** " भन्ने व्यबस्था रहेको पाइन्छ। करदाताले यस आ.व. २०७१।०७२ मा Gratuity शिर्षकमा अवकाश कोषमा जम्मा गरेको रकम रु. १३,०१,६६८। - कामदार कर्मचारीहरुलाई भुक्तानी गरेको नभई व्यवस्था मात्र गरेको देखिन आउँछ। आयकर ऐन, २०५८ को दफा ६५ को उपदफा (२) मा

"कुनै प्राकृतिक व्यक्तिको कुनै स्वीकृति नलिएको अवकाश कोषमा रहेको हितबाट भएको लाभ गणना गर्ने प्रयोजनका लागि देहाय बमोजिम हुनेछ" भन्ने व्यवस्था रहेको र स्वीकृत अवकाश कोषमा रहेको उक्त रकम सम्बन्धित व्यक्तिलाई भुक्तानी हुँदाका बखत आयकर ऐन, २०५८ को दफा ८८(१) तथा दफा ६५ बमोजिम अग्रिम कर कट्टि हुने नै देखिन्छ। यस स्थितिमा करदाताले मजदुरहरुको लागि स्वीकृत अवकाश कोषमा जम्मा गरिदिएको रकम व्यवसायसँग सम्बन्धित खर्च रहेको र त्यसमा अहिले नै अग्रिम कर माग गरेको ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरको मिति २०७५।३।४ को निर्णय तथा सोही निर्णय सदर गरेको आन्तरिक राजस्व विभागको निर्णय समेत न्यायाचित नदेखिंदा उल्टी हुने देखियो।

१३. अतः माथि विवेचित आधार एवं कारण समेतबाट करदाता श्री रघुपती जुट मिल्स लिमिटेड (स्थायी लेखा नं. ३०००३८०८६) को आ.व. २०७१।०७२ को संशोधित कर निर्धारण गर्ने क्रममा मजदुरहरुको हकमा स्वीकृत अवकाश कोषमा Gratuity रकम जम्मा गर्दा १५% अग्रिम कर माग गर्ने गरी ठुला करदाता कार्यालयवाट मिति २०७५।०३।०४ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकवाट मिति २०७७।०२।१३ मा भएको निर्णय समेत कानून सम्मत नदेखिंदा उल्टी हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. माथी ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक करदाता श्री रघुपती जुट मिल्स लिमिटेड (स्थायी लेखा नं. ३०००३८०८६) को आ.व. २०७१।०७२ को संशोधित कर निर्धारण गर्ने क्रममा मजदुरहरुको हकमा स्वीकृत अवकाश कोषमा जम्मा गरेको Gratuity रकममा १५% अग्रिम कर माग गर्ने गरी ठुला करदाता कार्यालयवाट मिति २०७५।०३।०४ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकवाट मिति २०७७।०२।१३ मा भएको निर्णय उल्टी हुने ठहरी फैसला भएकोले उक्त शीर्षक वापत करदाताले फिर्ता पाउने रकम हिसाव गरी अर्को आ.व.मा मिलान गरिदिनू भनी प्रस्तुत फैसलाको प्रतिलिपी सहित ठूला करदाता कार्यालयमा लेखी पठाईदिनू।

२. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।

३. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
शाखा अधिकृतः प्रमोद रिजाल
ईति सम्वत् २०८० साल बैसाख १२ गते रोज ३ शुभम् ------------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप